# सर्वोच्च अदालत

## रामशाहपथ

## सूची दर्ता गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७३।०३। )

यस अदालतको लागि आ.ब. २०७३/७४ अवधिको निमित्त तपसिलमा उल्लेखित आवश्यक पर्ने सामान तथा सेवाहरु आपूर्ति गर्न पाउने इजाजत प्राप्त इच्छुक रजिष्टर्ड फाराम, कम्पनी तथा विक्रेता तथा सेवा प्रदायकहरुले आफ्नो फाराम दर्ताको प्रमाण पत्र, मूल्य अभिबृद्धि कर दर्ता तथा आ.ब. ०७१/०७२ को कर चुक्ताको प्रमाणित प्रतिलिपिहरु सम्बन्धित फारामको आधिकारिक व्यक्तिबाट प्रमाणित गराई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ को प्रयोजनका लागि मौजुदा सूची (स्ट्याण्डिङ्ग लिष्ट) मा दर्ता हुन पाउँ भनि यस अदालतको आर्थिक प्रशासन शाखाबाट रितपूर्वकको निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । रित नपुगेको वा म्याद नाघी प्राप्त भएका आवेदनहरु उपर कुनै कारवाही गरिने छैन। आवेदकहरुलाई सूचिमा समावेश गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस अदालतमा निहित रहनेछ । अन्य आवश्यक कुरा बुझ्नु परेमा यस अदालतको आर्थिक प्रशासन शाखामा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

### तपसिल

१. स्टेशनरी, मसलन्द तथा कार्यालय सञ्चालन सम्बन्धी मालसामानहरु ।

२. छपाई तथा पुस्तक सप्लाई सम्बन्धी कार्यहरु ।

३. सवारी साधन मर्मत तथा सो सम्बन्धी सामानहरु ।

४. फर्निचर तथा फर्निसिङ्गका सामानहरु र सोको मर्मत सम्बन्धी कार्यहरु ।

५. रंगरोगन सम्बन्धी, भवन, पर्खाल, पार्टेशन, प्रि-फाइब समेतका निर्माणका कार्यहरु ।

६. मेशिनरी, कम्प्युटर, प्रिन्टर, फ्याक्स तथा विद्युतीय सामाग्रीहरु सप्लाई रिफिलिङ्ग तथा मर्मत सम्बन्धी कार्यहरु ।

७. नेटवर्किङ्ग सम्बन्धी कार्यहरु ।

८. विजुली, धारा बाथरुमका सामानहरु, पानी प्रशोधन गर्ने सामानहरु तथा सो सम्बन्धी मर्मत कार्यहरु ।

९. पिउने पानी आपूर्ति सम्बन्धी ।

१०. अन्य आवश्यक फुटकर सामान तथा सेवाहरु ।

२०७३/३/१२